GMMC Journal of Interdisciplinary Studies
Vol. 13, December 2024, pp. 212-219
ISSN : 2392-4519 (Print), 3021-9086 (Online)
Journal homepage: http://gmmcjournal.edu.np

# लेखनाथ पौड्याल र उनको 'पिँजराको सुगा' कवितामा अभिव्यञ्जित भाव

***बोधराज ढकाल, विद्यावारिधि**

*उपप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा*
**Corresponding Author's Email: bodharajdhakal026@gmail.co*

Received: June, 2024
Revised: July, 2024
Accepted: September, 2024
Available online: December, 2024
DOI: https://doi.org/10.3126/jis.v13i1.73354
*Copyright: ©2024 The authors and the Publisher*

## सार

*लेखनाथ पौड्याल र उनको पिँजराको सुगा कवितामा अभिव्यञ्जित भावको विश्लेषण गर्ने उद्देश्यमा यस अनुसन्धानात्मक लेख आधारित छ । यस लेखको अध्ययनको प्रमुख क्षेत्र लेखनाथ पौड्याल र पिँजराको सुगा कविता रहेको छ । यस अध्ययनको समस्याका रूपमा लेखनाथ पौड्यालको कवि व्यक्तित्व र पिँजराको सुगा कवितामा अभिव्यञ्जित भावको स्वरूपलाई लिइएको छ । लेखनाथको कवि व्यक्तित्व र कविता यात्रा एवम् पिँजराको सुगा कवितामा अभिव्यञ्जित भाव कस्तो रहेको छ यस जिज्ञासालाई यस अध्ययनमा निरूपण गरिएको छ । लेखनाथले माध्यमिककालीन श्रृङ्गारिक प्रकृति र अनुवाद रूपान्तरणको परम्पराबाट फुत्कँदै परिष्कारवादी धाराका माध्यमबाट नेपाली कवितालाई आधुनिक युगमा प्रवेश गराएको पाइन्छ । लेखनाथका कवितामा युगीन सामाजिक चेतना, आध्यात्मिक चेत, सामाजिक एवम् आध्यात्मिक सुधार, पुनर्जागरणको प्रयत्न एवम् बौद्धिकताको समन्वय तथा भाषा र लयको सहज एवम् परिष्कृत प्रयोग पाइन्छ । पौड्यालको पिँजराको सुगा कविता अभिधात्मक रूपमा बालपाठ्यसामग्री पिँजरामा थुनिएको सुगाको कथा भए पनि व्यञ्जनात्मक रूपमा सहरीया सामन्ती परिवेशको पिँजरामा बाँच्न विवश कवि जीवन, राणाशासनको निरङ्कुश शासनको पिँजरामा थुनिएको नेपाली समाज एवम् सांसारिक पिँजरामा परेर बन्धनीय जीवनलाई यस लेखमा तत्त्वमीमांसाका रूपमा लिइएको छ । गुणात्मक प्रकृतिको यस लेखमा व्याख्यापरक विधिमार्फत विश्लेषण गरी ज्ञान निर्माण गरिएको छ । उद्देश्यमूलक नमुना छनौट पद्धतिको प्रयोग गरी प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूबाट प्राप्त तथ्य एवम् प्रमाणका आधारमा लेखनाथ पौड्याल र उनको पिँजराको सुगा कविताको विश्लेषण गरिको छ । पुस्तकालयीय कार्यमार्फत सामग्री सङ्कलन गरी अध्ययन गरिएको यस अध्ययनमा कविलाई माध्यमिक कालको श्रृङ्गारिक धारामा उदाएर नेपाली कवितामा आधुनिकता ल्याउने कवि व्यक्तित्वको रूपमा चित्रण गरिएको छ । पँजराको सुगा कवितामा परिवर्तन र मुक्तिको चाहना राखिएको र उत्पीडनको विरोध गर्दै स्वतन्त्रताको आकाङ्क्षा एवम् आध्यात्मिक जीवनप्रतिको मोह अभिव्यञ्जित भएको छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी** : अध्यात्मवादी, दैहिक, परिष्कारवादी, व्यञ्जना, समवृत्त ।

## विषयपरिचय

लेखनाथ पौड्याल (वि.सं. १९४१-२०२२) संस्कृत व्याकरणमा मध्यमासम्मको अध्ययन गरेका उनको कविता लेखन संस्कृत र नेपालीमा समस्यापूर्ति कविता रचनाबाट आरम्भ भएको देखिन्छ । सन् १९०५ (१९६१-१९६२) मा सामूहिक कवितासङ्ग्रह कविताकल्पद्रुममा 'श्रृङ्गारपच्चिसी' र 'मनसाकर्षिणी' गरी दुई कविताहरू प्रकाशित छन् (त्रिपाठी, न्यौपाने र सुवेदी, २०६३, पृ.ख) । भीम शमशेरका दरवारिया पण्डित, रोयल नेपाल एकेडेमीका संस्थापक सदस्य तथा आजीवन सदस्य रहेका पौड्याल वि.सं.२००८ मा कविशिरोमणि उपाधिबाट सम्मानित भएको पाइन्छ । १३ वर्षको उमेरदेखि नै कविता सृजनामा लागेका लेखनाथको ८२ वर्षे जीवनकालमध्ये छ दशकभन्दा बढी समय नेपाली कविताको लेखनमा समर्पित देखिन्छ । आरम्भमा लेखनाथका कविताहरू सुन्दरी पत्रिका (१९६३)मार्फत समस्यापूर्ति र फुटकरस्तरको रचनामा श्रृङ्गारिक धाराकै आह्वान गरेर प्रस्तुत भएका देखिन्छन् (त्रिपाठी, न्यौपाने र सुवेदी, २०६३, पृ.ख) । सातवर्षको उमेरमा गाईवस्तुहरू चराउँदै गर्दा वा गाउँका बिहे, बर्तुन आदिमा उनले मुखाग्र श्लोकहरू भन्नमा निकै प्रसिद्ध भएका थिए । यिनमा सानैदेखि धार्मिक र आध्यात्मिक दर्शनको प्रभाव परेको थियो र यिनै लेखनाथको काव्यधारालाई मोड्ने मुख्य कारक पनि यिनै हुन् (प्रधान, २०४८, पृ.३९) । नेपाली साहित्यमा उनको ६० वर्षे दीर्घ सेवा अवधिमा सृजित सृजनाहरू मध्ये कवितासङ्ग्रहहरूमा लालित्य भाग-१ (१९६९ र २०१०), लालित्य भाग-२ (२०२५), कविशिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता(२०४१), लेखनाथका प्रमुख कविता (२०४६) रहेका छन् भने काव्यहरूमा ऋतुविचार (१९७३ र १९९१), बुद्धिविनोद (१९७३), गीताञ्जलि (१९८६), बुद्धिविनोद पहिला विनोद (१९७४), अमरज्योतिको सत्यस्मृति (२००८), तरूण तपस्वी (२०१० नव्यकाव्य), मेरो राम (२०११) आदि प्रमुख रहेका छन् । नेपाली कविताको श्रृङ्गारिक धारामा उदाएर प्रयोगवादी धारामा अस्ताएका पौड्यालको कविता यात्रालाई नियाल्ने हो भने यिनी परिष्कारवादी कविका रूपमा चिनिएका छन् । संस्कृत साहित्यबाट प्रभावित यिनी बङ्गला साहित्यका अयोध्या प्रसाद सिंह र मैथिली शरण गुप्तको प्रभाव यिनमा परेको देखिन्छ । प्रस्तुत लेखमा लेखनाथ पौड्यालको कविता यात्रा र कविताले अँगालेका प्रवृत्तिहरू एवम् उनको पिँजराको सुगा कवितामा अभिव्यञ्जित भावको वस्तुपरक रूपमा विश्लेषण गरिएको छ ।

## लेखको उद्देश्य

यो लेख लेखनाथ पौड्याल र उनका कविताहरूमध्ये चर्चित कविता पिँजराको सुगामा आधारित रहेको छ । लेखनाथको कवि व्यक्तित्व, कविता यात्रा र प्रवृत्ति एवम् पिँजराको सुगा कवितामा अभिव्यञ्जित भाव केकस्तो रहेको छ ? त्सको विस्तारपूर्वक व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्नु यस लेखको उद्देश्य रहेको छ ।

## अध्ययन विधि

यो अध्ययनमा लेखनाथ पौड्याल र उनको पिँजराको सुगा कवितामा अभिव्यञ्जित भावलाई तथ्यपरक एवम् वस्तुनिष्ठ रूपमा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि पुस्तकालयीय कार्यमार्फत सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा लेखनाथको पिँजराको सुगा कवितालाई लिइएको छ भने द्वितीय स्रोतका रूपमा विभिन्न समालोचनात्मक कृतिहरू, लेखरचनाहरू तथा अन्य कृतिहरूलाई आधार मान्दै निगमनात्मक एवम् व्याख्यापरक विधिका माध्यमबाट विश्लेषण गरिएको छ ।

### कविता यात्रा

लेखनाथ पौड्याल सुन्दरी (१९६२-६३) कालमै श्रृङ्गार धाराबाट फुत्कँदै नयाँ कविता धारामा हिँड्न खोजेका देखिन्छन् । पौड्यालले माधवी (१९६५-६६) कालमा आएर हलन्त बहिष्कार आन्दोलनतर्फ उन्मुख  भाषामा आफ्ना कविता पस्कँदै लालित्य (संयुक्त कवितासङ्ग्रह १९६९) मा 'कविकवितालाप' कवितामा श्रृङ्गारिकताका विरूद्ध नयाँ कविता धाराको घोषणा पत्र प्रस्तुत गरेको देखिन्छ (त्रिपाठी, न्यौपाने र सुवेदी, २०४६, पृ.२) ।  वि.सं. १९६१-१९६२मा सामूहिक कवितासङ्ग्रह कविताकल्पद्रुममा प्रकाशित समयदेखि वि.सं. २०२२ सम्मको समयावधिलाई हेर्दा लेखनाथको कविता यात्रालाई मूलत ः तीन चरणमा बाँड्न सकिन्छ ।

लेखनाथ प्रारम्भिक चरण (१९६१-१९९०)मा श्रृङ्गारिक भावका कविता लेखनमा प्रवेश गरी पछि स्वच्छन्दतावादी हुँदै परिष्कारवादमा स्थापित भएको देखिन्छ । आरम्भमा जोग मण्डलीका कवि र कवितामा सङ्कलित यिनका कविताहरू निकै अश्लील र अशिष्ट पाराका छन् (लुइटेल, लुइटेल र पौड्याल, २०५४, पृ.७१) । कवि लेखनाथले श्रृङ्गारिक भावधारा विरोधी घोषणा कविकवितालापबाटै गरेर श्रृङ्गारिता विहीन धार्मिक, आध्यात्मिक, नीति चेतनात्मक तथा सामाजिक जागरणमूलक भावधारा अँगालेको पाइन्छ (चापागाईं, २०५१, पृ.१४१) । वि.सं. १९७४ मा सुक्तिसिन्धुको प्रतिबन्धपछि यिनले आफूलाई पूर्णतः परिष्कारवादमा उभ्याएको पाइन्छ । यसपूर्व भने स्वच्छन्दतावादी एवम् परिष्कारवादी कविता लेखनमा हिँडेको पाइन्छ । यस समयमा लेखनाथ प्रकृतिप्रेम, छन्दमयता, व्याकरणगत अनुशासन, सामाजिक व्यङ्ग्य, धार्मिक भावनाको पुनर्व्याख्या एवम् नीतिचेतनामा आधारित भएर कविता लेखनमा देखिएका छन् । यस चरणमा वर्षाविचार, ऋतुविचार, बुद्धिविनोद, सत्यकलिसंवाद आदि काव्यकृतिहरू एवम् गोरखा शिक्षा पाठ्यपुस्तक भाग १-४ मा रहेका फुटकर कविताहरू प्रकाशित छन् । यस चरणका उनका कविताहरू क्रमिक रूपमा स्तरीयता र परिष्कारपूर्ण लेखनतिर उन्मुख हुँदै गएका देखिन्छन् भने भाषा, लय, अलङ्कार एवम् शिल्प संरचनामा पनि कविताहरू सौन्दर्यपूर्ण बन्दै गएका देखिन्छन् । लेखनाथ पौड्यालको कविता लेखनको दोश्रो चरणको समय वि.सं.१९९१ देखि २००७ रहेको छ । यस समयमा लेखनाथका कविताहरू परिष्कृत एवम् परिमार्जित देखिन्छन् । यिनका कवितामा प्रबल आध्यात्मिक चेत पाइन्छ भने भाषाशैली, अलङ्कार, लय व्यवस्थामा पनि कविताहरू कसिला र परिष्कृत देखिन्छन् । प्रकृतिपरक काव्य ऋतुविचार खण्डकाव्यबाट सुरु भएको यस चरणका कतिपय कवितामा स्वच्छन्दतावादी चेत पाइन्छ भने उनले ऋतुविचार खण्डकाव्यमा आफूभित्रको सिद्धहस्त कवित्व प्रवाहलाई प्रस्तुत गरेको देखिन्छ । काव्यात्मक भाषाशैली निकै उत्कर्षमा पुगेको पाइने यस चरणका उनका कविताहरूमा उच्च कवित्व प्रवाह एवम् सन्देशमूलक भाव प्रकट भएको पाइन्छ । यस चरणको सत्यसन्देश कविता उत्कृष्ट रहेको छ भने अन्य कविताहरू पनि परिष्कारवादी चेतबाट निखारिएका देखिन्छन् । लेखनाथको कविता यात्राको अन्तिम चरण वि.सं. २००८ देखि २०२२) सम्म रहेको छ । यस समयमा आइपुग्दा लेखनाथले कृतिहरूमा आध्यात्मवादको युगसापेक्ष विचार दिन सफल भएका छन् । वेदान्त दर्शन र युगीन चेतनाप्रति सचेत बनेर लेखनाथले अधिक रूपमा आध्यात्मिकता प्रस्तुत गरेका छन् । कवितामा एकातिर बौद्धिकताको संयोजन पाइन्छ भने अर्कोतिर राष्ट्रिय सांस्कृतिक चेततर्फ पूर्ण सजग भएर प्रकट भएका देखिन्छन् । फुटकर कवितादेखि नव्यकाव्यसम्म लेखेका कवि पौड्यालले सहज परिष्कारपूर्ण लेखन प्रस्तुत गरेका छन् । महाकाव्य स्तरको काव्य गङ्गागौरी (२०१८-०२२) लेख्ने प्रयास पूरा नभए पनि यस चरणमा पौड्यालको कवित्व पक्षमा उत्कृष्ट कालिगडी पाइन्छ (भण्डारी र पौडेल, २०६७, पृ.३८) । जीवनको अन्त्यमा पनि अस्पताल सय्यामा रहँदारहँदै भरतपुरमा नै आखिरी कविता (२०२२) लेखेर यिनले नेपाली कविताको लामो सेवापश्चात् यस संसारबाट सदाका लागि विदा लिन पुगेका छन् । संस्कृतको काव्य सूत्रलाई अँगालेर नेपाली कविताको श्रीबृद्धिमा लागेका लेखनाथले मध्यकालीन अन्धकारबाट आधुनिक उज्यालोमा ल्याएर युग परिवर्तन गरेका छन् (श्रेष्ठ, २०४९, पृ.११२) । संस्कृत काव्यतत्त्वलाई अँगालेका पौड्याल नेपाली कविता लेखनमा भने परिष्कारवादी कवि हुन् । श्रृङ्गारिक धारामा कविता लेखन सुरू गरेर स्वच्छन्दतावादी हुँदै परिष्कारवादी धाराको प्रवर्तन र विकासमा महत्त्वपूर्ण योगदान

पुऱ्याएका लेखनाथ नेपाली कविता लेखनको विकासका आधुनिककालको प्रवर्तन गरेका परिष्कारवादी धाराका केन्द्रीय प्रतिभा हुन् ।

**लेखनाथको कवितात्मक प्रवृत्ति**

श्रृङ्गारिक भावधारामा कवितालेखन गरेका लेखनाथ अन्ततः परिष्कारवादी कविता धाराको प्रवर्तनका साथै यस धाराको नेतृत्व प्रदान गरेका कवि हुन् । आधुनिक नेपाली कविताको आरम्भकर्ता पौड्यालले कवितामा प्रकृतिको आत्मपरक मात्र नभै वस्तुपरक चित्रणसमेत गरेका छन् । यिनले प्रकृतिको नेपालीमयता, प्रकृति र मानव बीचको सम्बन्ध देखाउँदै प्राकृतिक सौन्दर्यताको कलात्मक चित्रण गरेका छन् । प्रकृतिको चित्रणमा स्वच्छन्दतावादी हार्दिकताभन्दा परिष्कारवादी कलात्मकता प्रकट भएको पाइन्छ । उनले मुख्यतया संस्कृत काव्यतत्त्वलाई अँगाली नेपाली कविता कलाको परिष्कृतिको ध्येय राखेका छन् (त्रिपाठी, न्यौपाने र सुवेदी, २०४६, पृ.४) । पौड्यालका कवितामा आध्यात्मवादी चिन्तन व्यापक रूपमा प्रकट भएको पाइन्छ । धार्मिक एवम् पौराणिक भक्तिभावका साथै समाज सुधार, सांस्कृतिक जागरण र नैतिक उपदेशलाई आध्यात्मिक चेतमार्फत प्रस्तुत गरेका छन् । पौड्यालले आदर्शवाद, अध्यात्मवाद र समाजको संयोजनका साथै विवेकशीलता एवम् वेदान्त दर्शनलाई कवितामा स्पष्टसँग पस्तुत गरेका छन् । पूर्वीय दर्शनको बौद्धिक अभिव्यक्ति दिँदै सामाजिक कुरीति, रूढीवाद, अन्धविश्वास, कुप्रथा, विसंगति आदिको विरोध गरेका छन् । लेखनाथले सांसारिक बन्धनबाट मुक्ति तथा आध्यात्मिक जीवन दर्शनको उपयोग गर्ने मनसा कवितामा प्रकट गरेका छन् । कवितामा पौड्यालले जीवनको अन्त्यतिर पश्चिमी मानवतावादलाई विषय बनाएर आध्यात्मिकतासँग मानवतालाई जोड्दै समग्र (प्राणी) मानवताको पक्षमा आफूलाई उभ्याएका छन् । कविले कवितामा विश्वबन्धुत्व, मित्रता, हार्दिकता, मेलमिलाप, भाइचाराजस्ता कुरामा जोड दिँदै हत्या, हिंसा, अन्याय, अत्याचार, घृणा आदिको विरोध गरेका छन् । पूर्वीय आध्यात्मिक चिन्तनका आडमा विश्व मानवतावादी आदर्शलाई आफ्ना रचनामा प्रमुखता दिएका छन् । भाषामा सहजता, सरलता, स्वाभाविकता एवम् परिष्कृतपनासहित कवितामा शास्त्रीय छन्दको प्रयोग गर्दै परिष्कारपूर्ण शैली प्रस्तुत गरेका छन् । उच्च सुललित कवित्व पक्ष पाइने यिनका कवितामा लेखाइमा कलात्मकता भेटिन्छ । उनले अलङ्कार, विम्ब र प्रतीकको सुन्दर ढङ्गले प्रयोग गर्दै सहज र सम्प्रेष्य भाषामा कविता पस्केका छन् । समाज, प्रकृति र दर्शन गरी तीन व्यापक स्रोतबाट बिम्ब र प्रतीकका सामग्रीहरू लिएर आफ्नै मौलिक र नयाँ नेपाली बिम्ब विधान र अलङ्कारपूर्ण शैलीमा कविले कविता लेखेका छन् (चापागाईं, २०४५, पृ.४०३) । छन्दोबद्ध कविता लेख्ने कवि पौड्यालका कवितामा तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोग भएको पाइन्छ भने कविताहरू संस्कृतबाट बढी प्रभावित रहेका देखिन्छन् ।

**'पिँजराको सुगा' कवितामा अभिव्यञ्जित भाव**

लेखनाथ पौड्यालको कविता यात्राको आरम्भिक चरणमा लेखिएको पिँजराको सुगा कविता गोरखा शिक्षाको तेस्रो पुस्तकमा वि.सं.१९७४ मा प्रकाशित भएको हो । शास्त्रीय मात्रिक समवृत्त(पञ्झटिका वा पदाकुलक छन्द) मा संरचित यो कविता २३ पद्यमा संरचित छ । यस कवितामा ८-८ मात्राका गरी १६ मात्राका ९२ वटा हरफ छन् । यो कविता अभिधा र व्यञ्जना तथा कथ्य र कथन दुवैमा शक्तिशाली रहेको मौलिक रचना हो (त्रिपाठी, न्यौपाने र सुवेदी, २०४६, पृ.१०) । हुन त ज्ञानमणि नेपालले वि.सं. २०३८ मा कृषि विकास बैङ्कको स्मारिकामा यो कवितालाई मैथिलीशरण गुप्तको 'पिन्जरेकी किर' कविताको शब्दानुवाद गरिएको हो भनेर टिप्पणी गरेका छन् । जे भए पनि यस कवितामा उत्कृष्ट भावमा अभिव्यञ्जित भएको पाइन्छ । यस कविताको कथ्य पक्षलाई हेर्दा अभिधा र व्यञ्जना भाव प्रकट भएको देखिन्छ ।

अभिधात्मक रूपमा नियाल्दा यो कविता बाल कविता नै हो । जन्मसिद्ध रूपमा लिएर आएको स्वतन्त्र रूपमा रनवन विहार गर्दै उन्मुक्त तवरले रमाउने सुगा पिँजरामा थुनिँदा उसले महसुस गरेको

पीडालाई यहाँ सबिस्तार वर्णन गरिएको छ। उसले यसरी थुनिँदा सुख र शान्ति पाएको छैन। उसको अवस्था पीडाजन्य छ। आफ्ना बन्धुबान्धव र आफन्तहरू सबै वनमा रमेका छन्। उसले आफ्नो दुःख पोख्ने आफन्त पनि ऊसँग छैनन्। बाँचेर पनि मरेतुल्य र पागलसरि आँसु बगाएर ऊ वनका सुखका दिन सम्झेर बस्न विवश छ। वनका कुना कन्दरामा पुगेर फलफूल खाएर रमाएका ती दिन सम्झेर ऊ रोएको छ। पिँजरामा नपरेको भए अहिले देश देशान्तर कसरी फिर्दो हुँ, डुल्दो हुँ भन्दै व्यर्थमा बन्धनमा पार्नेहरू प्रति उसले गुनासो गरेको छ। शीतल पानी पिएको, ताजा र मिठा फल खान पाएको, शीतल छायामा बन्धुबान्धवसँग माया, प्रेम, दुःख, सुख बाँडेका क्षण सम्झँदै ऊ तड्पिरहेको छ। बृद्ध आफ्ना बाबुआमा आँशु खसालेर रोएका होलान् तर म यहाँ वैरीले घेरिएको छु भनेर ऊ छट्पटिएको छ। सहारा दिने कोही छैन। यस पिँजराबाट उम्किन सक्दिनँ। हिजोसम्म सारा गगन आ□नो थियो, रमाइलो थियो तर अहिले कडा पिँजरामा आफू थुनिएको छु। फोरूँ भने चुच्चो भाँचिन्छ। कहिले ठण्डी त कहिले धुप, कहिले चुप, कहिले बकबक यी सहन विवश छ। उसका आफ्ना इच्छा सबै मारिएका छन्। ऊ स्वतन्त्रता छैन। न मर्न सकेको छ न बाँचेकै सार भएको छ। घाँटी सुकेको छ। बाध्यतामा बोल्नु पर्ने, सबैको इच्छा पुऱ्याउनु पर्ने, अरूको मनोरञ्जनको साधन हुनुपर्ने तर आफ्नो दुःख बुझ्ने र सोध्ने कोही छैन। मन नलागी नलागी बोल्नु पर्ने अवस्था छ। पेटभरि खान नपाई बाँच्नु पर्ने अवस्थाले गर्दा उसले विलाप गरेको छ। यस्तो अन्याय र पाप गर्ने निर्दयीलाई कसले बुद्धि देला ? मानिस भएर यति निर्दयी, कठोर र पापी हुन हुन्छ ? भन्ने प्रश्न गर्दै सुगाले जबसम्म यो पृथ्वीमा मानिस बाँकी रहन्छ तबसम्म हे भगवान् सुगाको जन्म नदेऊ भनेर पुकार गरेको छ। यसरी अभिधात्मक रूपमा कवितामा एउटा सुगाको पिँजराभित्रको जीवनलाई कारूणिक रूपमा सबैले बुझ्ने गरी प्रस्तुत गरिएको छ। यहाँ  सुगाको आत्मपीडामार्फत तुच्छ मानवीयताप्रति आक्रोश र त्यसप्रति व्यङ्ग्य प्रहार गरिएको छ।

कविताभित्रको कथ्य अभिप्रायलाई अध्ययउन गर्दा यसमा प्रककट भएको अर्को पक्ष भनेको व्यञ्जनात्मक अभिव्यक्ति हो। प्रथम पुरूषात्मक आत्मालापीय ढाँचामा सृजित यस कवितामा अभिधाका अतिरिक्त तीन वटा व्यञ्जनात्मक अभिव्यक्ति पक्रट भएका छन्। व्यञ्जनात्मक भावमा कवि स्वयम्को जीवन भोगाइको पीडा, राणाकालीन समयको नेपाली जनताले भोगेको उत्पीडन र भौतिकवादी जीवन पद्धतिबाट पिल्सिएको अध्यात्मवादी सन्तको मनोभाव यस कवितामा अभिव्यञ्जित भएको देखिन्छ। पहिलो व्यन्जनात्मक अभिव्यक्तिका रूपमा कवितामा कवि स्वयम्को जीवन भोगाइको प्रस्तुति गरिएको छ। यसलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

*हरिया वनको शीतल छाया*
*बान्धवसँगको मोह र माया।*
*डुलनू फिरनू फल-फूल खाई*
*सपनामय भो हाय! मलाई॥* (पौड्याल, २०३२, श्लोक ७, पृ.११८)

आफ्नो बाल्यकालीन अवस्थालाई स्मरण गर्दै आफू माछापुच्छ्रे, अन्नपूर्ण हिमालको प्राकृतिक मनोरमतामा जन्मेको र हुर्केको क्षणलाई कविले भुल्न सकेका छैनन्। प्रकृतिको काखमा खेलेका क्षणहरू उनको मन मस्तिष्कमा ताजै छन्। आफन्तजनसँग बिताएका ती क्षणहरू र ग्रामीण परिवेशको आनन्दमय अवस्थालाई भुल्न सकेका छैनन्। वनजङ्गल, लेकबेँसी, खोलानाला, पाखापखेरामा स्वतन्त्र रूपमा उन्मुक्त तवरले बिताएका ती क्षणहरू उनका लागि साँच्चिकै आनन्ददायी छन्। अहिले आएर भने उनी जहाँ छन् त्यहाँ सहरिया जीवनको पिँजराभित्र थुनिएको जीवन उनीसँग छ। नागर जीवनको अत्यास लाग्दो अवस्थालाई उनले महसुस गरेका छन्। सहरिया छुद्रता र श्वार्थताजस्ता कुराबाट उनी पीडित छन्। उनको साथमा सहरिया परिवेशको सामन्ती जीवनले हैरान पारेको उत्पीडन छ तर आफू जन्मेको ठाउँको स्वतन्त्रमय उन्मुक्त वातावरण उनीसँग छैन।  काठमाडौँको अस्तव्यस्तता, विवशता, उल्झन, दिक्दारी वातावरणले उनी सताइएका छन्। वातावरणीय प्रदुषण, भय, डर, त्रासमय अवस्थाले उनी आहत बनेका छन्। अहिले यो काठमाडौँको

वातावरण उनका लागि पिँजरा बनेको छ। ग्रामीण जीवनको उन्मुक्त एवम् स्वच्छन्द वातावरणबाट टाढा हुँदा कवि दुःखी बनेका छन् । प्रकृतिको काखमा जसरी चराचुरुङ्गीहरू विचरण गर्दा आनन्दले पुलकित हुन्छन् कवि पनि त्यही ग्रामीण प्रकृतिको स्वच्छन्दतामा रमाएर आनन्द लिन चाहन्छन् । हरिया वनजङ्गलको शीतल छाया र सुरम्य आभामा कवि पनि चराहरूजस्तै रमाउन चाहन्छन् । आज उनी शहरको उकुसमुकुस वातावरणमा बन्धित बनेका छन् । यो नागर जीवनको बन्धनीय अवस्थाबाट कवि पिल्सिएका छन् । न त यहाँ कोही आफन्त नै छन् न त खुला रूपमा डुल्ने ठाउँ नै छ। चराहरूले पाखापखेरामा फलेका फलफूल खाई वनजङ्गल घुमेर रमाएजस्तै कविको मन पनि रमाउन चाहन्छ। कवि यसबाट विमुख हुँदा छट्पटिएका छन् । काठमाडौँको यो भीडबाट फुत्केर रनवन घुमेर ग्रामीण प्रकृतिको काखमा सुस्ताउन चाहने कविको धोको धोको नै रहेको छ। कविका निम्ति यो सपनातुल्य भएको छ।

कविले दोस्रो व्यञ्जनामा स्वतन्त्रता विहीन जीवन भोग्न बाध्य नेपाली जनतालाई पिँजराको सुगासँग जोडेर प्रस्तुत गरिएका छन् । राणाकालीन निरङ्कुशता नेपालीहरूका लागि पिँजरा भएको छ र उनीहरू आफूलाई थुनिएको सुगाजस्तै पाएका छन् । प्रजातन्त्र विनाको नेपालीहरूको जीवन जीवन बन्न सकेको छैन । यस विषयमा कविले कवितामा यो सन्दर्भ ल्याएका छन् :

*कति फिरदो हूँ कति उडदो हूँ*
*कति कति देशान्तर डुलदो हूँ ।*
*दैव ! हरे ! किन बालकलाई*
*बन्धन पार्‍यौ व्यर्थ भुलाई ॥* (श्लोक ५, पृ.११८)

नेपाली जनताहरू हक, अधिकार र स्वतन्त्रताबाट बन्चित छन् । राणाशासनको पिँजरामा थुनिएका छन् । राणाशासनको निरङ्कुशताले सारा नेपालीहरू बन्धनमा परेका छन् । उनीहरूले मानिस भएर बाँच्न पाउने अधिकारबाट वञ्चित हुनुपरेको छ। बोल्न र स्वातन्त्रतापूर्वक जीवन यापन गर्न पाएका छैनन् । राणाशासनको निरङ्कुश उत्पीडनले आम जनताहरू नारकीय जीवन बाँच्न विवश भएका छन् । चराजस्तै स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार पिँजरारूपी राणाशासनले थुनेर राखेको परिवेशलाई व्यङ्ग्यात्मक रूपमा यहाँ प्रस्तुत गरिएको छ। राजनैतिक हक, अधिकार, स्वतन्त्रताबाट वञ्चित रहेको नेपालीहरूको जीवनलाई यसमा जोडेर देखाइएको छ । कवितामा अन्याय, अत्याचार, शोषण, दमनलाई चुपचाप सहनु पर्ने र त्यसका विरूद्धमा बोल्न नपाइने अवस्थालाई यसमा प्रस्तुत गरिएको छ । देशको नागरिक भएर पनि दासको जीवन बाँच्न बाध्य नेपालीहरूको जीवनलाई यहाँ देखाइएको छ । चराले जसरी स्वतन्त्र जीवन बाँच्न पाएको छ त्यसरी आम नेपाली जनताले पाएका छैनन् । यसको मूल कारण भनेको राणाशासन नै हो । जहानिया राणाशासनको निरङ्कुसताले सीमा नाघेको र आम नेपाली जनताहरूको जीवन पिँजराभित्र थुनिएको बन्धित सुगाको जस्तै भएको यहाँ उल्लेख गरिएको छ। पिँजराबाहिरको खुला वातावरणमा स्वतन्त्र विचरण गर्दा चरा रमाएजस्तै प्रजातन्त्रको खुला राजनैतिक परिवेशमा नेपाली जनता आ[illegible]ना हकअधिकार र स्वतन्त्रता उपभोग गरी खुसी भएर रमाउन चाहन्छन् । जसरी पिँजराभित्र रहेको सुगा पिँजराबाट बाहिर निस्कन पाए कति टाढाटाढा पुग्ने, फिर्ने र डुलेर स्वच्छ श्वास लिने थिएँ भनेको छ त्यसै गरी कवि पनि राणाशासनको निरङ्कुश पिँजराबाट मुक्त हुन चाहन्छन् । राणाशासनको हैकमता र दमनले नेपालीहरू पिल्सिएका र यसबाट मुक्ति अथवा स्वतन्त्रता नेपालीहरूले खोजेका छन् भन्दै पिँजराको सुगामार्फत स्पष्ट पारेका छन् । यहाँ राणा शासनलाई पिँजरा र नेपाली जनतालाई सुगाका रूपमा रूपान्तरित गराएर प्रस्तुत गरको छ।

यसै गरी कविले तेश्रो व्यञ्जनामा आध्यात्मिक चेतनालाई प्रस्तुत गरेका छन् । अहिले बाँचिएको सांसारिक जीवनले मानिसको सुखलाई खोसेको र पीडा दिएको उनको विचार छ। भौतिक वस्तुबाट मानिसले सुख पाउँदैन । आध्यात्मवादबाट मात्र मानिसलााई सुख मिल्छ। जीवनले मुक्ति पाउने आधार पनि आध्यात्मिकता नै हो। यो भौतिक शरीर पिँजरा बनेको छ।

यस सन्दर्भलाई कवितामा यसरी प्रस्तुत गरिएको छ ः

*जीवन अर्पी बन्धनभित्र*
*बोलनुपर्ने बोलि विचित्र ।*
*तैपनि चारा आधा मात्र*
*दैव ! रहेछौ करूणा-पात्र ॥* (श्लोक १९, पृ.१२१)

कविले कवितामा दैहिक पिँजराले आफ्ना हरेक चाहनालाई थुनेर राखेको उल्लेख गरेका छन् । जबसम्म मान्छे दैहिक पिँजरामा रहन्छ तबसम्म उसले मुक्ति पाउँदैन । यिनी भौतिक शरीरबाट मुक्त भएर आफू स्वतन्त्र रूपले चराझैँ विचरण गर्न चाहन्छन् । उनी आत्मा र परमात्मामा लीन भएर आफूलाई दैहिक पिँजराबाट मुक्त गराउन चाहन्छन् (भण्डारी र पौडेल, ०६७, पृ.४८) । आध्यात्मिकता विनाको जीवन पिँजराको जीवन हो । यो दैहिक पिँजराले मानिसको जीवनलाई पीडा मात्र दिन्छ, दुःख मात्रै दिन्छ । यहाँ हिन्दू धर्मदर्शनको आदर्श प्रकट भएको पाइन्छ । मानिसले आफ्नो परिवार, आफन्त, सन्तानको प्रगति, उन्नति र अवनतिलाई आफूसँग जोडेर सफलता र असफलता ठान्दछ; यो आफ्नोपनको बोध भनेकै बन्धन हो (ढकाल, २०८०, पृ.७६) । कविले यहाँ सांसारिक बन्धनको कुरा गरेका छन् । जीवनले सुख भोग गर्ने हो भने त्यो केवल अध्यात्मवादमा मात्र सम्भव छ र मुक्तिको आधार पनि यही हो भन्दै दैहिक पिँजराको जीवनबाट मुक्त हुन चाहेको विचार व्यक्त गरेका छन् । कविले विषयवासनाका बन्धनमा परेका मानिसले आध्यात्मिक चिन्तनमा मन लगाउन सक्दैन भन्ने भावलाई कवितामा उतारेका छन् (गौतम, २०७६, पृ.२४८)। सांसारिक जीवनको यो बन्धनबाट मुक्त हुन चाहेको र यो भौतिक शरीररूपी पिँजरा नै दुःखको कारण हो भनिएको छ । कवि पिँजराबाट मुक्त हुन खोजेको विषय भनेकै आत्मा र परमात्मामा लीन हुन चाहेको विचार हो । यो नै पिँजराबाट बाहिर निस्कनु हो । सांसारिक विषयवासनाको भोक भनेकै पिँजराभित्र थुनिएको सुगाको जस्तै बन्धन हो । सांसारिक विषयप्रतिको मोह र यसमा समाहित भएको अवस्था नै सांसारिक पिँजराभित्रको थुनिएको जीवन हो । यसले केवल पीडा मात्रै दिन्छ भन्दै कविले यस कवितामा आध्यात्मिक जीवनदृष्टि दिएका छन् ।

यसरी कवितामा कविले प्रकृतिप्रतिको मोह, राणाकालीन उत्पीडनको बन्धनीय अवस्था र सांसारिक जीवनको पिँजरारूपी बन्धनलाई अत्यन्तै सशक्त रूपमा प्रस्तुत गरेका छन् । यस कविताको अभिव्यञ्जित कथ्य नै यसलाई मान्न सकिन्छ । कवितामा एकतन्त्रीय राणाशासन पिँजरा र शोषित आम जनता सुगाका रूपमा, मानव देहलाई बन्द पिँजरा र सांसारिक मायामोहको बन्धनमा परेको मानव सुगा र ग्रामीण स्वच्छन्द वातावरणबाट विमुख काठमाडौँको नियास्रो लाग्दो वातावरण तथा दरबारको बन्द वातावरण पिँजरा र कवि स्वयम् त्यसमा अल्झिएको वा थुनिएको जीवन पिँजरामा थुनिएको सुगाका रूपमा प्रस्तुत गरिएको छ । यसरी कवितामा कविले आशाभन्दा निराशा र विवशमय परिवेशको चित्रण गर्दै सहरीया जीवनको पिँजराले कुँजाएको मानव जीवन, राणाशासनको निरङ्कुशताले दिएको उत्पीडन र सांसारिक जीवनको बन्धनीय अवस्थालाई पिँजरामा थुनिएको सुगाको कष्टकर जीवनसँग सापेक्षित गराएर मूल भावका रूपमा प्रस्तुत गरेका छन् ।

## निष्कर्ष

माध्यमिक कालीन श्रृङ्गारिक धारामा उदाएका लेखनाथ पौड्यालले नेपाली कवितालाई आधुनिक युगमा प्रवेश गराएको पाइन्छ । परिष्कारवादी कविता लेखनमा अग्रस्थानमा रहेका कवि लेखनाथका दर्जनौँ फुटकर कविता प्रकाशित छन् भने खण्डकाव्य तथा नव्यकाव्यकृतिहरू पनि प्रकाशित छन् । कविले कवितामा आध्यात्मिकता, व्यङ्ग्यकारिता, प्रकृतिप्रेम, नीतिउपदेश, सांस्कृतिक जागरण, मानवता एवम् संस्कृतिप्रेमलाई महत्त्वका साथ प्रस्तुत गरेका छन् । आफ्नो

कविता यात्राको प्रारम्भिक चरणमा नै लेखिएको यो कविताको भावगत पक्षलाई नियाल्दा यहाँ जीवन भोगाइको प्रौढ अभिव्यक्ति पाइन्छ। पिँजरको सुगा कविता उमेरले ३० वर्ष पूरा गरेपछि लेखिएको भए पनि यसमा प्रस्तुत जीवन भोगाइको अभिव्यक्ति हेर्दा लेखक एउटा परिपक्व रूपमा प्रकट भएका छन्। कविले जीवन दर्शन, सामाजिक जीवन भोगाइ, राजनैतिक अवस्था आदि विविध पक्षलाई राम्रोसँग बुझेको देखिन्छ। आध्यात्मिक चिन्तनको उच्च ज्ञान कविमा रहेको र त्यसलाई जीवनसापेक्ष बनाउन चाहेको प्रसङ्ग यहाँ छ। पूर्वीय जीवन दर्शनलाई स्पष्टसँग बुझेका र त्यसको गहन अध्ययन गरेको कुरा यस कविताबाट प्रष्ट हुन्छ। यहाँ वेदान्त दर्शनलाई समन गरेर जीवनलाई दिशाबोध गराउने प्रयास गरिएको छ। कवितामा जीवनको सत्यतालाई सत्यापान गराउँदै यथार्थताको चित्रण गरिएको छ। अध्यात्मवादको सापेक्षतामा मात्र जीवनको मुक्ति सम्भव रहेको र यही आनन्द हो भन्ने चिन्तन कविको रहेको छ। राजनैतिक विसङ्गति र सांसारिक जीवन भोगाइको यथार्थता यहाँ प्रस्तुत गरिएको छ। उमेरमा प्रौढता नभए पनि लेखनमा यतिको शक्तिशाली अभिधा र व्यञ्जना भावको प्रौढता यहाँ प्रकट गरिएको छ। त्यसैले यस कवितालाई परिवर्तनको चाह, मुक्तिको चाह, उत्पीडनको विरोध, स्वतन्त्रताको आकाङ्क्षा एवम् आध्यात्मिक जीवन प्रतिको मोह राखेर आएको उत्कृष्ट सृजना मान्न सकिन्छ।

## सन्दर्भसामग्रीसूची


उपाध्याय,केशवप्रसाद (२०५०), विचार र व्याख्या (दोस्रो संस्क.), साझा प्रकाशन।

गौतम, गोपीकृष्ण (२०७६), लेखनाथ पौड्यालका कवितामा वैदिक षड्दर्शन, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र।

चापागाईं, नरेन्द्र (२०५१), केही सिद्धान्त : केही विश्लेषण, पूर्वाञ्चल साहित्य प्रतिष्ठान।

चापागाईं, नरेन्द्र (सम्पा.)(२०४५), पूर्वाञ्चल समालोचना सङ्ग्रह, पूर्वाञ्चल साहित्य प्रतिष्ठान।

ढकाल, बोधराज (२०८०), लेखनाथ पौड्यालका काव्यमा अद्वैत वेदान्त दर्शन अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (सम्पा.)(२०६३), लेखनाथका प्रमुख कविता (तेस्रो संस्क.), साझा प्रकाशन।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव(२०४६), नेपाली कविता भाग–४, साझा प्रकाशन।

पौड्याल, लेखनाथ (२०३२), लालित्य (भाग एक), साझा प्रकाशन।

प्रधान, राजनारायण (२०४८), केही कृति केही स्मृति, साझा प्रकाशन।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६६), नेपाली कविता र काव्य, विद्यार्थी पुस्तक भण्डार।

लुइटेल, खगेन्द्रप्रसाद, लीला लुइटेल र कृष्णविलास पौड्याल (२०५४), नेपाली कवि र कविता, विभु ऋभु प्रकाशन।

श्रेष्ठ, रमेश (२०४९), नेपाली कविताको प्रवृत्ति, साझा प्रकाशन।